रैनादेवी छहरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

०७५-६९१०२५
०७५-६९२३८३
V9F8+RM

च.न.
प.स. २०७९/२०८०

मिति: २०७९/०४/०२

## सामाजिक सुरक्षा भत्ता परिचय पत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ बमोजिम सामाजिक सुरक्षा भत्ता परिचयपत्र हरेक वर्ष नवीकरण गर्नुपर्ने व्यवस्था भए अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरीरहेका यस रैनादेवी छहरा गाउँपालिकाका ८ (आठ) वटै वडाका सम्पूर्ण लाभग्राहीहरूले २०७९ भाद्र महिनाको १५ गते भित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्ति वडा कार्यालयमा स्वयम उपस्थित भई परिचयपत्र नवीकरणको लागि निवेदन दिनुहुन अनुरोध छ।

साथै परिचयपत्र नवीकरण नभएको अवस्थामा लाभग्राहीहरूले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न नसक्ने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक कागजातहरू:**

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को अनुसूची २ को ढाँचा अनुसारको निवेदन। (सम्बन्धित वडा कार्यालयबाट उपलब्ध हुनेछ)
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
- भत्ता बुझ्ने परिचयपत्रको प्रतिलिपि।
- पासपोर्ट साईजको फोटो २ प्रति।
- विधवा महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रतिलिपि।
- ६० वर्ष मुनिका विधवा महिलाको हकमा अर्को विवाह नगरेको प्रमाणपत्रको प्रतिलिपि।
- अपाङ्गता भएका व्यक्तिहरूको हकमा परिचयपत्र/संरक्षकको नागरिकताको प्रतिलिपि।
- दलित बालबालिकाको हकमा जन्मदर्ता/संरक्षकको नागरिकताको प्रतिलिपि।

लिलामणि बश्याल
नि. प्रमुख प्रशासकीय अधिकृत
**नि प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थ:**

वडा कार्यालय सबै, रैनादेवी छहरा गाउँपालिका, पाल्पा।
आवश्यक सूचना गरी नवीकरण गर्नुहुन।